



**बाइबलका गहिरा सत्यताहरु**

# पाठ–२

# <u>क्रुशको रहस्य (भाग-१)</u>

***पुनश्च: कृपया यहाँ समावेश गरिएका सबै पदहरुको निम्ती आफ्नो बाइबललाई आधार बनाइ अध्ययन गर्नुहोला।यस पाठमा उल्लेखित प्रायबाइबलका पदहरु Authorized King James Version बाट उद्दृत गरिएका छन।***



अब हामी हाम्रो प्रभुको क्रुसको बिषयमा हेर्नेछौ।उहाँको क्रुसको मृत्युद्वारा नै संसारको मुक्तिदाता हुनुभयो।तर,के येशूले ख्रिष्टियानहरुलाई मात्र बचाउनुभयो कि, सम्पूर्ण मानवजातीलाई बचाउन चाहनुहुन्छ त?यस प्रश्नको उत्तर एकदमै अस्पष्ट र द्विविधायुक्त हुन्छ किनभने यसको उत्तरमा थुप्रै धारणाहरु पोखिन्छन।तर यस्को ठेट उत्तर के हो त? सत्य केहो त?
यसको उत्तर हामीले क्रुसको रहस्य भित्र नै पाउछौ।सुन्नुभयो? यसलाई हामी युहन्ना १२:३२ मा पढ्न पाउछौ।

*"अनि म पृथ्वीदेखी माथि उचालिय भने म सबै मनिसहरुलाई आफु कहाँ खिच्नेछु।"*



यसको अर्थ के हो त?ख्याल गर्नुहोस्, येशूले सबै मानिसलाई आफुतिर खिच्नुहुन्छ।यि सबैमानिसहरु को हुन त?के उनीहरु केवल खीष्टियानहरु मात्रै हुन कि समग्र मानबजाती हुन त?अनि के यो खिचिनुले सबै मानिसहरु स्वर्गमा उचालिन्छन भनिएको हो त?



के येशूले सबै मानवजातीहरु स्वर्गमा खिच्नुहुन्छ भन्नुभएको हो त?यस्तो धारणा साच्चै नै बेअर्थ हुन्छ।त्यसो हो भने,प्रभुले यि वचनहरुद्वारा साच्चै के भन्न खोज्नुभएको हो त? यसबारेको वर्णन अर्को पद युहन्ना १२:३३ मा पाउछौ।

*"कुन मृत्युले उहाँ मर्न लाग्नुभएको थियो, त्यसलाई संकेत गर्दै उहाँले यसो भन्नुभयो।"*

हो, यो क्रुसको सकेंत हो।जो क्रुसमा मर्दछ,ऊ जमिनबाट उचालिएर अर्थात सतहभन्दा माथी उचालिएर मर्दछ।तपाईंले यसलाई "प्यासन अफ ख्राइष्ट" चलचित्रमा पनि हेर्नुभयो होला।अब,प्रभुले कसरी आफ्नो क्रुशमा भएको मृत्युद्वारा सबै मानिसहरुलाई उहातर्फ खिच्नुहुन्छ त?आज हामी यही रहस्यलाई बुझ्नेछौ।आओै, हामी शुरुवात तर्फजाऔ जब येशूको जन्मको बेला स्वर्गदुतले बोलेको समाचारबाट शुरु गरौ।



लुका २:१०

*" अनी ति स्वर्गदूतले तिनीहरूलाई भने, ",नडराओ; किनभने हेर, म तिमीहरूलाई बडो आनन्दको शुभ-समाचार सुनाउँछु, जुन चाँहीं सबै मानिसहरुको निम्ती हुनेछ ।"*

>कसरी येशूको जन्मले सबै मानिसको लागी शुभ–समाचार भयो त?

->अनि ति सबै मानिसहरु को हुन त ? यसको  उत्तरको  केहि भाग हामिले  मत्ती १:२१ मा पाउछौ।

*" अनी उनले एउटा पुत्र जन्माउनेछिन्, र तिमीले उहाँको नाउँ 'येशू' राख्नु; किनभने, उहाँले आफ्ना जनहरूलाई तिनीहरूका पापबाट मुक्त गर्नुहुने छ।"*

*येशू* मुक्तिदाता हुन जन्मनुभयो।



'येशू ' शब्दको अर्थ पनि यही हो। तर , कस्तो मुक्तिदातात?अनि,यो आफ्ना मानिसहरु जसलाई उहाँ बचाउनुहुन्छ, उनीहरु को हुन  त?के उनीहरु  यहुदीहरु मात्र हुन त?वा,के उनीहरु सारा  संसारका मानबजाती हुन, या अहिले जस जसले प्रभुलाई बिश्वास गर्छन?यसको उत्तरहरु कोसँग छ त?कसको निम्ती साच्चै येशू मर्नुभयो त?यसको उत्तरहरु कोसँग छ त?यि प्रश्नहरुको उत्तरहरु हामीले येशूले आफैले बोल्नुभएको शब्दहरुमा पाउदछौ जसै हामी मर्कुस १०:४५ लाई पढ्छौ।

*"किनभने मानिसको पुत्र सेवा गरिनलाई होइन, तर सेवा गर्न र धेरैको सट्टामा छुटकाराको दामका निम्ती  आफ्नो प्राण दिन आए।"*

यो नै मुल पद हो, जुनले हामीलाई उत्तर दिँदछ।तर यो छुटकारा शब्दको अर्थ के हो त?अनि यो ''धेरै'' शब्द कस-कसलाई लागु हुन्छ त?आउनुहोस हेरौ।आजको दिनमा 'धेरै" शब्द ठुलो संख्या वा जमातको अर्थको लागी प्रयोग गरिन्छ तर यसले सबैलाई समेट्दैन।के येशले दिनुहुने छुटकारा सम्बन्धी पदको अर्थ यही हो त?के येशू धेरैका लागी  मर्नुभयो तर सबैका लागी मर्नुभएन त?



यसैकारण नै आज धेरै जना प्रचारकहरुले येशू केवल जसले उहाँलाई बिश्वास गर्दछन र ख्रीष्टियान हुदछन,तिनिहरुको निम्तिमात्र मर्नुभयो भनि प्रचार गर्दछन।तसर्थ,येशू कसैको मुक्तिदाता हुनका लागी सर्त चाँही उस्ले व्यक्तिगत रूपले येशूलाई आफ्नो मुक्तिदाता भनि ग्रहणगरी खृष्टियान हुनुपर्ने हुन्छ।के 'धैरैको छुटकाराको मोलको निम्ती' को खास अर्थ यहि हो त?येशूले के भन्नुभएको हो भनि बुझ्नको लागी  **"धेरैका लागी"** को बाइबलिय भाषाको अर्थ के हो भनि हेर्नुपर्ने हुन्छ।यसको उत्तर हामी रोमी ५:१९ मा पाउछौ।

*" किनकी जसरी एक जना  मानिसले आज्ञा भङग गरेकोले धेरै जना  पापी बनिए , त्येसरि नै एकजनाले आज्ञापालन गरेकोले धेरै मानिसहरू धार्मि तुल्याइनेछन।"*

हो,यहाँ'' धेरै'' (KJV) शब्दले  सबैलाई भन्ने अर्थ राख्दछ भन्नेकुरा ख्याल  गरौ। तसर्थ,येशूको  छुटकारा बास्तबमा  सबैजनाको लागी थियो र हो, जसरि धेरैले सबैजनाको  लागी भन्ने अर्थ राख्दछ।यसलाई,फेरी हामी १ तिमोथी २:५,६  मा प्रष्ट पाउदछौ।

*"किनभने परमेश्वर  एकैजना मात्र हुनुहुन्छ, अनि परमेश्वर  र मानिसहरूको बिचमा एकैजना मध्यस्थ हुनुहुन्छ अर्थात  येशूख्रीष्ट-ति मानीस ,६ जसले  आँफैलाई  सबैका लागि छुटकाराको दामको रुपमा दिइहाल्नुभयो, जसको  गवाही  ठीक समयमा दिइयो।"*

देख्नुभयो? कति सरल र प्रष्ट छ।सबैको छुटकाराको निम्ती। अब,हामी यो ' छुटकारा ' शब्दको खास अर्थ के हो भन्ने प्रश्नमा आउछौ।यो ग्रीक शब्द' एण्टिलुट्रन  'शब्दबाट उद्द्त गरिएको हो जसकोअर्थ ' बराबर समान मूल्य  वा मोल' भन्ने हो।






यो छुटकारा भन्ने शब्द आजकाल हामीले चलचित्रहरुमा र प्रसिद्ध कलाकारहरु अपहरणमा परेर छुटाउदा लाग्ने/मागिने/मुल्य भन्ने बुझाउदछ।उदाहरण:भारतको तामिलनाडुका चन्दन तस्कर vlrîpnbwt भारतकै कन्नाडा चलचित्रका नायक राजकुमारको सन २००० मा घटेको अपहरणको घटनामा ति नायकलाई केहि रकम बुझाइसकेपछी मात्र छुटकारा दिइयो।तर,ठेट अर्थमा भन्ने हो भने छुटकाराले बराबर र समानमुल्य लाई सकेंत गर्दछ।तसर्थ,कुनै चिजको १०० डलरको मुल्य छ भने त्यस्को बराबर भनेको १०० डलर नै हुन्छ।९९ डलर त्यसको समान मोल हुन सक्दैन।नता १०१ डलर नै।तसर्थ,छुटकाराले बराबर र समान मोललाई दर्शाउदछ,जेले हामीलाई निम्न प्रश्नमा लिएर आउँदछ कसरी एकजना ब्यक्ति येशूले आफैलाई सबैको  लागी बराबरी र समान मोल चुकाउन सक्नुहुन्छ त?बराबर मोल भन्नाले उहाँले आफ्नो जिबन कुनै अर्को ब्यक्तिको लागी मात्र छुटकाराको  निम्ती दिनु होईन र?अनि हामी पढ्दछौ कि,उहाँ सारा संसारको  मुक्तिदाता हुनुहुन्छ।कसरी त?यो कसरी सम्भव छ त?अनि उहाँ संसारको मुक्तिदाता हुनुहुन्छ भन्ने तथ्य  १ युहन्ना ४:१४  मा पढ्न पाउछौ।

*"अनि हामीले देखेकाछौं,र गबाही दिन्छौं;पिताले पुत्रलाई संसारको मुक्तिदाता हुनका निम्ती पठाउनुभयो।"*






पढ्नुभयो?के यो प्रष्ट छैन र?त्यसो हो भने,त्यो को व्यक्ति होला त जसको निम्ती येशू मर्नुभयो,जसद्वारा सबै मानिसमा र सारा संसारमा असल कुरा आयो त?यसको उत्तर हामी प्रेरित १७:२६ मा पाउदछौ।

*" अनी उहाँले सारा पृथ्वीमाथि वास गर्नलाई एउटै रगतबाट मनिसहरुका सबै जाती हरुलाई बनाउनुभयो, अनी तोकिएका समयहरु र तिनिहरुका वास गर्ने सिमानाहरु ठहराउनु भयो।"*

हो, सम्पूर्ण मानबजातीहरुको एउटै रगत र एउटै शारिरिक पिता छ-आदम।हब्बा पनि आदमबाट नै निकालिए।तसर्थ,हामी यो देख्छौ कि सम्पूर्ण मानबजाती एकअर्कासँग सम्बन्धित छन् र एउटै पुर्खा-आदमको बशांवली हुन।त्यसैले,आदम एकदमै महत्वपूर्ण व्यक्ति हुन्,पृथ्वीको पहिलो महत्वपूर्ण मानिस।सम्पूर्ण मानबजातीका पिता,शिर र प्रतिनिधि पात्र।यिनी मानबजातीका लागी सबै थोक थिए।



यो,सबै परिवारमा उत्तम तरिकाले देखिएको हुन्छ,जहाँ बाबुले आदमलाई प्रतिनिधित्व गर्दछन भने आमाले हब्बालाई र बालबच्चाले आदमका सन्तानहरुलाई प्रतिनिधित्व गर्दछन,आदमका सन्तान पुरा मानबजातिलाई प्रतिनिधित्व गर्दछन।तसर्थ,कुनै परिवारमा यदी बुवाको कृयाकलाप र पहलहरु फलवन्त भयो भने बालबच्चाहरु पनि त्यसबाट आशिषित हुन्छन तर यदी त्यस्तो भएन भने त्यसको नकरात्मक असर पुरै बालबच्चाहरुलाई र समस्त परिवारमाथी पर्न जादछ।त्यसरी नै,यो प्रकृया आदम र सम्पूर्ण मानबजातीको परिवारको निम्ती पनि लागु हुन्छ।आज, हामी आदमको बिषयमा केहि बढी कुराहरु पढ्नेछौ जस्तै कि परमप्रभुले आदमलाई बनाउनुहुँदा आदम कस्ता थिए त?यसको उत्तर हामी उत्पत्ती १:२६ मा पढ्न पाउछौ।

*"अनी परमेश्वरले भन्नुभयो; "हामी मनिसलाई हाम्रै स्वरुपमा,हाम्रै समानतामा,बनाऔ ,र तिनिहरुले समुन्द्रका माछाहरुमाथि,आकाशका पंक्षिहरुमाथि,र घरेलु पशुहरुमाथि साथै सारा पृथ्वीमाथि र पृथ्वीमा घिस्रिरहने हरेक घस्रने जन्तु हरुमाथि अधिकार राखुन।"*

हेर्नुहोस त , मानिसको सृष्टिको कस्तो अदभुत बर्णन?अनि, कल्पना गर्नुहोस त,आज मान्छेहरु मानबजाती बाँदरबाट उत्पत्ती भएको हो भन्ने सिद्दान्तमा बिश्वास गर्दछन।बाइबलिय सत्यता र प्रचलित बिश्वासहरुको तुलना गर्नुहोस।हो,आदमलाई पर्मेश्वरको स्वरूपमा र प्रतिरूपमा बनाइएको थियो। यसको अर्थ,आदम सिद्द थिए र उसमा जिबन थियो र उसलाई जिउने अधिकार थियो केबल केहि सर्तहरु मात्र थिए।ति सर्तहरु के थिए त?यसको बारेमा हामिले उत्पत्ती २ : १६,१७ मा पढ्न पाउछौ।



*"अनी परमप्रभु परमेश्वरले मानिसलाई  यसो भन्दै आज्ञा गर्नुभयो; "बगैंचाको हरेक रुखबाट  तिमीले स्वतन्त्रतापुर्बक खान सक्छौ; "१७ तर असल र खराबको ज्ञानको  रुखबाट तिमीले नखानु! किनकी,जुन दिन तिमीले त्यसबाट खान्छौ,त्यही दिन तिमी निश्चय मर्नेछौ।"*

हो,यो आज्ञा थियो जसको निम्ती आज्ञाकारी हुनुपर्दथ्यो,अनि यो आज्ञालाई उल्लंघन गरेमा प्रभुले आदमलाई (र हब्बालाई) पनि त्यसको सजाय समेत प्रष्टै जानकारी गराइदिनुभयो जसै हामी पद १७ मा पढ्न पाउदछौ।

*" १७  तर असल र खराबको ज्ञान को  रुख बाट तिमीले नखानु ! किनकी ,  जुन दिन तिमीले त्यस बाट खान्छौ, त्यही दिन तिमी  निश्चय मर्नेछौ।"*



हो,अनाज्ञाकारिता = पाप (१ युहुन्ना ३:४) हो। अनि ,पापको ज्याला=मृत्यु (रोमी ६:२३) हो।यो सबैकुरा प्रष्टै थियो।अनि के भयो  त?के तपाइलाई थाहा छ आदम र हब्बा कसरी बाँचेका थिए होलान?तिनिहरुको जिबन सबैभन्दा सुखी र आशिषमय थियो।किनकि तिनिहरुसँग कुनै चिन्ता फिक्री नै थिएन–न त भाडाको चिन्ता,न काम,न आर्थिक भार,न भबिष्यको डर,केहि पनि थिएन।कुनैकुराको चिन्ता नै थिएन।तिनिहरुले बाच्नका लागी कुनै सङघर्ष गर्नुपर्ने थिएन।खाना प्रशस्तै थियो।तिनिहरुले केबल ति खानेकुराहरुलाई लिन जानुपर्दथ्यो।अनि ति खानेकुराहरु बिभिन्न स्वादमा र वासनामा अनि धेरै परिकारमा थिए। एकैछिन आँखा बन्द गरेर कल्पना गर्नुहोस त,अदनको बगैँचा कस्तो थियो होला त?



हो,खाना चाही धेरै प्रकारका फलफुलहरु थिए।आज हामी बिरलै फलफुलहरु खाने गर्दछौ,जतिबेला हामी बिरामी हुदछौ र डाक्टरले सल्लाह दिन्छन तब मात्र खाने गर्दछौ।अनि हामी खान्छौ र निको हुदछौ।किनकी,फलफुलहरु जिबनको लागी आहाराहरु हुन।अनि आदम र हब्बाको निमित्त पनि आहाराको लागी

फलफुलहरु नै थिए र त्यसबाट उनिहरुले जिवन धान्दथे।अनि आदम र हब्बाले ति खानेकुराहरु खादाको क्रममा थुप्रै रमाइला पलहरु बिताएको हुनुपर्दछ।अनि,आदमले हब्बालाई पनि वरिपरीका थुप्रै जिबजन्तुहरुको नामको बारेमा पढाएका थिए होलान, जसै आदम आफैले नै ति नामाकरण गरेका थिए। (उत्पत्ती २:१९,२०) तिनिहरु सँग-सँगै अदनको बगैँचामा लामो यात्रा गरेको हुनुपर्छ।एकदिन,हब्बा एक्लो थिइन र उनको पति आदम उनको साथमा थिएनन।अनि उनले के देखिन त?उनले एउटा जिबित वस्तु,सर्पले त्यही फल खाइरहेको देखिन,जस्को बारेमा परमप्रभुले भन्नुभएको थियो कि,त्यस रुखको फल खानु हुँदैन
(उत्पत्ती २:१६,१७)।अनि उनले सोचिन, 'अब म हेरौं कसरी सर्प मर्दो रहेछ। उनि बसिन र हेरि रहिन।हेरि रहिन तर केहि पनि भएन।अनि त्यसपछि नै त्यो सर्पले हब्बासँग बोल्यो।यस्को बर्णन हामी उत्पत्ती ३:१ मा पढ्न पाउछौ।



*" परमप्रभु परमेश्वरले सृष्टि गर्नुभएको सबै जन्तुहरुमध्ये सर्प अत्यन्त धूर्त थियो। सर्पले उसलाई सोध्यो, "ए नारी! के परमेश्वरले बगैंचामा कुनै पनि रुखबाट फल खानुहुँदैन भनी मनाही गर्नुभएको छ? "*

के सर्पले साच्चै आफ्नै मुखद्वारा बोलेको थियो त? पक्कै पनि होईन।के तपाईंले कहिल्यै सर्प बोलेको सुन्नुभएको छ?पक्कै पनि सुन्नु भएको छैन।यो फरक प्रकारको बोली हो।शब्दमा बोलिने बोली भन्दा पनि कामद्वारा।हो काम चाही शब्दभन्दा अझ चर्को बोल्दछ।

तसर्थ,सर्पले त्यो निषेध गरिएको रुखको फल खादै गरेको र नमरेको कारणले हब्बाको मनस्थितिमा प्रभुको आज्ञा र आदेशबारे शंकाको प्रश्न पैदा गर्‍यो। र उनले आफ्नो मानसपटलमा फेरी पर्मेश्वरको आज्ञा र आदेशलाई पक्का गर्न खोज्छिन जसै हामी उत्पत्ती ३ : २,३ मा पढ्न पाउछौ।

*"२ अनि स्त्रिले सर्पलाई भनी: बगैंचाका रुखहरुको फलबाट हामी खान सक्छौ; ३ तर बगैंचाको बिचमा भएको रुखको फलबाट चाँहीं पर्मेश्वोरले भन्नुभएकोछ: "यसबाट तिमीले नखानु,न ता तिमीहरुले यसलाई छुनु:नत्र तिमीहरु मर्नेछौ।"*

हो, हब्बाले प्रभुले दिनुभएको आज्ञा प्रष्टै रूपमा आफ्नो हृदय र दिमागमा कण्ठ गरेर राखेको थिइन।वास्तवमा,उनले अझै केहि बढी सम्झिन,जसै उनले आफै भित्र मनमनै नछुनु' पनि भनिन। यो उत्पत्ती २:१६,१७ मा प्रभुले दिनुभएको आज्ञामा छैन।हब्बाले जान अजानमा नै सन्दर्भलाईअलिकती बढाइन।तबबाट नै महिला बर्गहरुको यो कमजोरी रहीआएको छ।हो,यो सबै सर्पको कृयाकलाप र शैतानको सुझाबहरुको मेलको कारणले नै भएको जसै हामी उत्पत्ती ३:४–६ मा पढ्दछौ।

*"सर्पले स्त्रीलाई भन्यो, "तिमीहरु निश्चय नै मर्नेछैनौ; ५ किनकी जुनदिन तिमीहरु यसबाट खान्छौ,त्यहिदिन तिमीहरुका आँखा खोलिनेछन तब, र तिमीहरु पर्मेश्वोरजस्तै असल र खराब जान्ने हुनेछौ भनी पर्मेश्वोरले जान्नुहुन्छ। ६. अनी जब त्यो रुख भोजनको निम्ती असल, आँखाको निम्ती त्यो मनोहर र बुद्दिमान बनाउनका निम्ती त्यो रुख चाहना गर्न लाएकको रहेछ,सो त्यस स्त्रिले देखी,तब उसले त्यसको फलबाट टिपी, र खाइ, अनी आफुसितभएको आफ्नो पतिलाई पनि दिई ; अनी तिनले खाए।"*



हो, यहाँ सर्पद्वारा हब्बामा गरिएको छल देखिन्छ–एउटा झुट।पहिलो झुट।त्यसैले नै शैतानलाई झुटहरुका पिता भनिन्छ।(युहन्न ८:४४)

त्यो केबल एउटा प्रश्न थियो (पद१) जसले पाप र अनाज्ञाकारिता डोर्यायो।यो पृथ्वीमा सोधिएको पहिलो प्रश्न हो जुन सर्पद्वारा सोधियो।तसर्थ, प्रश्न चिन्ह पनि सर्पकै आकारमा हुन्छ -'?'।तर,हामी पद ६ मा पढ्छौ कि आदमले पनि त्यो फल खाए,हामीले आदम र हब्बा जसरी त्यो फल खान छलिएका होईनन भन्नेकुरा अनुमान लगाउन सक्छौ जसै हामी यो सन्दर्भलाई
१ तिमोथि २:१४ मा पढ्न सक्छौं।





*" अनी आदम बहकाउमा परेनन , तर ति स्त्री बहकाउमा परेर अपराधमा फसिन् ।*

अनी आदम छलिएका थिएनन भने किन उनले पनि त्यो फल खाए त?किनकि आदमको एकमात्र श्रीमतीप्रति उनको गहिरो प्रेम र लगाबका कारण उनी बिना बाच्न अस्म्भव ठाने।आदमले त्यही गरे जुन आजका दिनहरुमा बिछोडिएका दम्पतीहरु माझ आफ्नो प्यारो मान्छेबाट टाढा रहदा गर्न बाध्य हुन्छन-आत्महत्या।हो,आदमले स्वइच्छाले आफ्नो जिवन अर्पण गरे यस हेतुले कि उस्ले आफ्नो पत्नीको लागी आत्महत्या गरे।हो,आदमले प्रभुले हब्बालाई बनाउनुभन्दा अघिको आफ्नो एक्लोपनलाई आफ्नो जिवन हब्बासँग बिताएका रमाइला पलहरुलाई तुलना गरी एक्लो भई बाच्नुभन्दा हब्बाको कुरालाई नै पछ्याइ अनाज्ञाकारिता र पापलाई उचित ठाने।अनि के भयो त?



यस्को उत्तर हामी रोमी ५:१२ मा पढ्न पाउछौ।

*"यसकारण जसरी एकजना मानिस द्वारा संसारमा पाप पस्यो,र पाप द्वारा मृत्यु आयो, अनि त्यसरि नै मृत्यु मानिसहरूमा फैलियो, किनकि सबैले पाप गरेका छन्।"*

हो, आदम त्यसपछी प्रभुको बिरुद्धमा पाप गरेको कारण मृत्युको पासो भित्र परे।यती मात्र होईन तर हामी अझ पढ्छौ कि मृत्यु सबैमा फैलियो। यसको अर्थ के हो त?के सबैजना सिद्द जन्मन्छन तर पछि आदम जसरी स्वइच्छाले पापीहरु बन्दछन त? होईन।यहाँ सन्दर्भ अलि फरक छ। आओ, उत्पत्ती ३:२३,२४ लाई हेरौ।

*"२३ यसकारण जुन भुमिबाट तिनी निकालिएका थिए,त्यस भुमिलाई खनजोत गर्न भनी परमश्वरले तिनलाई अदनको बगैचाबाट बाहिर निकाल्नुभयो।२४ अनि उहाँले मानिसलाई धपाइदिनु भयो ;अनि जीवनको रुख सम्म जानेबाटोको रक्षा गर्नलाई उहाँले अदनको बगैंचाको पूर्वतिर करुबहरु र चारै तिर घुमिरहने एउटा ज्वालामय तरवार राख्नुभयो।"*



पाप गरेर मृत्युको पासोमा परीसके पछि त्यही अवस्थामा नै आदम र हब्बा अदनको बगैँचाबाट निकालिए।अनि त्यही अवस्थामा नै तिनिहरुले सन्तानहरु जन्माउन थाले र सबैभन्दा पहिले कयिन जन्मियो जसै हामी उत्पत्ती ४:१ मा पढ्न पाउछौ।

*"अनि आदम आफ्नी पत्नी हब्बाकहा गए;अनी उ गर्भवती भई, र कयिनलाई जन्माइ,र भनी: "परमप्रभुको सहायताद्वारा मैले एउटा मानिसलाई प्राप्त गरे।"*

तर,आदमका सन्तानहरु सिद्द जन्मिएनन।तिनिहरु आफ्नो बुवा आमाकै अवस्थामा पाप र मृत्युको दोषी अवस्थामा नै जन्मिए,र पाप अनि मृत्यु पनि तिनिहरुकै बुवाआमाबाटै जन्मजात आफुमा सारे।

यसलाई हामी भजनसङ्ग्रह ५१: ५ मा पढ्न पाउछौ।

*"हेर्नुहोस्, म अधर्ममा उत्पन्न भएँ ,र पापमा मेरो आमाले मलाई गर्वधारण गरिन।"*




यो पदले जन्मजात नै पाप बोकेर सर्दै आएको कुरालाई बताउदछ।तसर्थ,सारा ससांर नै पिता आदम र आमा हब्बाबाट पाप र मृत्युको पासो लिएर/बोकेर नै जन्मेका हुन्छन।यदी हामीले यसलाई बुझ्यौ भने नै लुका ९:६० मा प्रभु येशुले भन्नुभएका शब्दहरुको अर्थ बुझ्दछौ।

*" येशूले त्यसलाई भन्नुभयो, "मुर्दाहरूलाई आफै मुर्दाहरू गाडन देऊ; तर तिमी चाँहीं जाऊ,र परमेश्वरको राज्यको प्रचार गर।"*

यस पदलाई एकजना मुस्लिमले लेखेको 'बाइबलका त्रुटिहरू'नामक किताबमा पनि समाबेश गरिएको छ।त्यस किताबमा यस पदलाई लिएर लेखक मुस्लिमले कसरी एउटा मृतक शरिरलाई अर्को मृतकले गाड्न सक्दछ भन्ने प्रश्न गरेका छन।वास्तवमा,उनले यस पदलाई बुझ्न सकेनन।त्यती मात्र नभएर,आजकाल धेरै ख्रीस्टियनहरु पनि उत्तीकै द्विबिधामा रही त्यस मुस्लिमले भनेको कुरा सही हो भनि भन्दछन।येशूले यस पदमा के भन्न खोज्नुभएको हो त?कसरी दुई मृतकहरुमाझ एक मृतकले अर्को मृतकलाई गाड्न सक्दछन त?तब मात्र सक्दछ कि,जब कुनै एक मृतकचाही वास्तवमा जिबित भनि दर्शाइएको छ भने।हो,यो येशूले मृत्युको पासोमा जकडिएको ससांरलाई चित्रण गर्नुहुने तरिका हो जहाँ बाचेकाहरु पनि पर्मेश्वरको नजरमा मरेतुल्य छन्, नितान्त जिबनको हकहरु नभएको अवस्था।तसर्थ,मानबजातीमा दुई अवस्थाको मृत्यु हुदछ।

१) जिबित मरेतुल्यहरु:यसले ससांरका सबै जिबित मानबजातीलाई चित्रण गर्दछ जोहरु मृत्युको पासोमा परेका छन् र क्रमश:मर्दैछन।
२) मृतकहरु : यसले ति मानिसहरुलाई चित्रण गर्दछ जोहरुले आफ्नो अन्तिम सास फेरीसके र मरिसकेका छन।तिनिहरु धुलोमा नै फर्किसकेका छन भनेर भन्ने गरिन्छ।तसर्थ,येशूले भन्नुभयो '- *मुर्दाहरुलाई (मृतकहरु) मुर्दाले (जिबित मरेतुल्यहरु) नै गाड्न देओ।* "अनि,यो मरेतुल्य मानबजातीलाई बचाउन के गर्न सकिन्छ त? प्रस्थान २१:२३–२५ मा प्रभुको कानुनले भन्दछ,



*"...........................प्राणको सट्टा प्राण "*

तसर्थ, सम्पूर्ण मानबजातीलाई बचाउनको निम्ती कुनै एकजना मानिसको जिबनको त्याग र साटो नै आबश्यक पर्‍यो।"

"जिबनको लागी जिबन"

अचेल,हामी धुप्रै देशहरुमा आफ्नो राष्ट्रको स्वतन्त्रताको लागी आफ्नो जिवनलाई तिलान्जली दिइ सहिद भएको समाचारहरु पढ्दछौ।के सम्पूर्ण मानबजाती बचाउनका लागी धेरैजना मर्न तयार रहन्नन होला र?पक्कै पनि धेरैजना तत्पर छन् होला।आदमका सन्तानहरु मध्य कोही पनि त्यसको साटो लिन उचित भएनन। किन?

किनकी यसको उत्तर हामी भजनसङ्ग्रह ४९:७ मा पढ्न पाउछौ।

*"तिमध्ये कसैले पनि आफ्नो भाईलाई कुनै रितिले छुटउन सक्दैन,न ता उसका निम्ती पर्मेश्वोरलाई छुटकाराको दाम नै दिन सक्दछ।"*

पद्नुभयो?किन त यस्तो?किनकी आदम पाप गर्नुभन्दा □□□ जुन सिद्दताको अवस्थामा थिए,त्यस बराबर कोही पनि आदमका सन्तानहरु हुन सक्दैन।तसर्थ,आदमको कुनै पनि सन्तानले मानबजातीको मोल तिर्न सक्दैन।

आदम र सम्पूर्ण मानबजातीको पापको मोल तिर्न सिद्द मानिसको आबश्यक्ता पर्दछ।त्यसो हो भने,त्यो छुटकाराको मोल तिर्न सक्ने को हुन त? कसले सम्पूर्ण मानबजातीलाई मृत्युको पासोबाट बचाउन सक्छ त?पक्कै पनि,मानबजातीबाट कोही पनि त्यसको लागी उपयुक्त हुन सक्दैन।त्यसो हो भने कसले चाही मानबजातीलाई बचाउन सहयोग गर्दछ त?हो,पर्मेश्वरले मात्र।अनि कसरी पर्मेश्वरले मानबजातीलाई बचाउन सक्नुहुन्छ त? हामीले उहाकै शब्दहरुमा हेरौ।

होशे १३:१४

*"म तिनीहरूलाई पातालको शक्तिबाट मोल तिरेर छुटाउनेछु।म तिनीहरूलाई मृत्युबाट छुटाउनेछु।हे मृत्यु!तेरो महामारीहरु कहाँ छन? हे चिहान तेरो नाश गर्ने शक्ति कहाँ छ?मेरो आखाँबाट अब दया लुकेको छ।"*

हो , पर्मेश्वरले यो कसरी गर्नुहुन्छ त?हो,स्वर्गबाट मुक्तिदाता पठाएर,जसै हामी युहुन्ना ३:१६ मा पद्न पाउछौ।

*"किनभने परमेस्वोरले संसारलाई यस्तो प्रेम गर्नुभयो कि,उहाँले आफ्ना एकमात्र जन्माइएको पुत्रलाई दिनुभयो।उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस तर उसले अनन्त जीवन पाओस।"*

हो, त्यो छुटकाराको मोल तिर्न पर्मेश्वरले आफ्नो एकमात्र एकलौटे पुत्र येशूलाई दिनुभयो।हो,के तपाईंले अब यो प्रचलित पदको पृष्ठभुमी र सन्दर्भलाई बुझ्नुभयो त? हेर्नुहोस् त,पर्मेश्वरको सम्पूर्ण मानबजातीको लागी अगाप्य प्रेम कति महान।पर्मेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो कि उहाले अति महत्वपुर्ण छुटकारा वा बराबर र समान मोल प्रदान गर्नुभएकोमा नै प्रस्तुत र पुष्टाइदिनुभयो।तर,येशू जो स्वर्गबाटको हुनुहुन्छ,उहाँ कसरी आदमको बराबारी हुन सक्नुभयो त?जसै हामी भजनसङ्ह ८:५ मा पद्दछौ।

*"किनकी तपाईंले उसलाई स्वर्गदुतहरु भन्दा केही कम बनाउनु भयो,र उसलाई महिमा र आदरको मुकुट पहिराउनुभयो।"*



हो, हामी यस पदमा पढ्न सक्छौ कि कसरी मानिसलाई चाही स्वर्गिय प्राणीहरु भन्दा केहि मात्र सानो बनाउनु भयो। त्यसो हो भने , कसरी येशू चाही जो स्वर्गको हुनुहुन्छ जे हामिले पढिसक्यौ, कसरी उहा आदमको बराबरी र समान मोलको छुटकारा हुनसक्नु भयो त?

के उहा स्वर्गदुतहरु भन्दा धेरै उच्च हुनुहुन्थेन र?अनि कसरी उहा आदमको लेखी 'जिबनको लागी जिबन' हुन सक्नुभयो त?यसको उत्तर हामी हिब्रु २:९ मा बर्णन गरिएको पाउदछौ।

*तर हामी येशू लाई,जो स्वोर्गदुतहरु भन्दा केही कम बनाइनुभएकोथियो, मृत्युको दु:खले गर्दा महिमा र आदरको मुकुट पहिरनुभएको देख्छौ; यसरी उहाले परमेस्वोरको अनुग्रहलेगर्दा प्रत्येक मानिसका निम्ती मृत्युको स्वाद चाख्नुभयो।"*







हो,येशू आदम जस्तै सिद्द मानिस हुनुभयो वा बनाइनुभयो।उहा हिब्रु ७:२६ मा लेखिए अनुसार जन्मनुभयो।

*" किनकी हाम्रा निम्ती यस्तै महापुजाहारी उचित थियो,जो पवित्र, निर्दोष , र निष्कलंक,पापीहरुबाट अलग हुनुभएको र स्वर्गहरुभन्दा पनि उच्च पारीनुभएको हुनुहुन्छ।"*

उहा १ कोरिन्थी १५:४५ मा लेखिए अनुसार दोश्रो आदम वा दोश्रो सिद्द मानिस हुनुभयो।

*धर्मशास्त्रमा जस्तो लेखिएकोछ: "प्रथम मानिस आदम जीवित प्राणी बन्यो ।तर अन्तिम आदम चाँहीं जिबित पार्नुहुने आत्मा बन्नुभयो।*

तसर्थ ,आदमको लागी बराबर र समान मोल फेला पर्‍यो।हो,जिबनको लागी जिबन फेला पर्‍यो।यो नै छुटकाराको सिद्दान्त हो।





मर्कुश १०:४५

*"किनभने मानिसको पुत्र पनि सेवा गरिनलाई होइन,तर सेवा गर्न र धेरैको सट्टामा छुटकाराको दामका निम्ती आफ्नो प्राण दिन आए।"*

हामी यो छुटकाराको मोल तोलको निष्कर्षमा जानु भन्दा पहिला हामी केहि समय हाम्रो मुक्तिदाता र उहाँको मृत्यु र त्यागको गहिराइलाई बुझ्न केहि समय लगाऔ।येशू शरिरमा आउनुभन्दा अघी कस्तो हुनुहुन्थ्यो त?यस सन्दर्भलाई हामी २ कोरिन्थी ८:९ मा हेरौ।

*''किनकि तिमीहरु हाम्रा प्रभु यशु ख्रीस्टको अनुग्रह जाँन्दछौ :उहाको गरीबीद्वारा तिमीहरु धनबान होओ भनेर उहा धनबान भएर पनि तिमीहरुका निम्ती गरीब हुनुभयो।"*

"यसको अर्थ के हो त?यस सन्दर्भलाई प्रष्ट बुझ्न यसको बर्णनलाई हेरौ।मानौ,हामीले आदमको सिद्दतालाई १०० मोल दिऔ।त्यसो हो भने,आदमको छोराहरु कयिन र हाबिल जन्मेको अवस्थालाई हामी १०० भन्दा कम मोलले अकिंत गरौ।हामी यिनीहरुलाई ९० र ९५ दिन सुझाब दिन्छौ।आदम जसरी पतित भयो त्यसको लेखामा त्यसपछीका पुस्ताहरु झन् झन् पतित हुँदै गए र सिद्दतामा ह्रास हुँदै गयो।आज हामी सबै १ देखी १० को बिचको अकंमा छौ।कोही कोही त अझै पतित भएको अवस्थामा छन जसै भिख माग्नेहरु र जडियाहरु जोहरु दिनभरी नै मात्तिएको अवस्थामा हुन्छन,उनीहरुलाई १३ र १४ १/२ र १/४ अकं दिन सकिन्छ।अनि,येशूको सिद्दता जो स्वर्गिय प्रकृतीको छ,उहाँलाई १,००,००० अकंसँग तुलना गर्न सकिन्छ।यस सन्दर्भलाई तलको चित्रमा हेरौ।

१,०००,००० ----------------(येशु)------- स्वर्गीय तह


↓

उहा धैरे नै होच्चाइनु भयो र उहाको प्रकृति धैरे नै गिर्यो।


↓

↓

१०० ----------------------→सिद्ध मानब तह (□□□□□□□□ प्राणी भन्दा केहि सानो)




- १०० र १,००,००० अंक बिचको भिन्नतालाई कल्पना गर्नुहोस र प्रभुले आफुलाई त्यो छुटकाराको मोलको लागी कति साह्रो नम्र तुल्याउनुभयो भन्ने कुराको ख्याल गर्नुहोस।हो,उहाँ साच्चै जिबनको अति उच्च तहमा हुनुहुन्थ्यो र धनी हुनुहुन्थ्यो तरै पनि उहाँले जिबनको सबैभन्दा तल्लो तहसम्म वा धेरै तल गिरेर आफुलाई नै गरिव बनाउनुभयो।त्यति मात्र होईन,हामीले उहाँको बिषयमा अझ केहि थप कुराहरु हेरौ।




फिलिप्पी २:७

*"तर उहाले आँफैलाई रित्याउनुभयो,र दासको रुप धारण गरेर उँहा मानिसहरुको समानतामा हुनुभयो।"*

यसको अर्थ के हो त?यस पदमा लुकेको अर्थको गहिराईलाई निम्न विवरणलाई हेरे पछि मात्र बुझ्न सकिन्छ।


->यो ससांर/बिश्व साच्चै कति बिशाल छ त जहाँ हामी जिउछौ र कति थरीका प्राणीहरु यहाँ बाच्छन त?यहाँ माछाहरुको आफ्नै ससांर, जिवजन्तुहरुको आफ्नै संसार,चराहरुको आफ्नै ससांर र किराफट्याङ्गाको आफ्नै ससांर छ।आऔ,अब हामी किरा फट्याङ्गाहरुको ससांरभित्र साङ्ले किराको प्रजाती बारे हेरौ।



सबैले साङ्लेलाई घृणा गर्दछन।धेरैले यस किरालाई फोहोरी र घिनलाग्दो किराको रूपमा हेर्दछन।तर,आज हामी यो साङ्ले किराको ससांरभित्र छिरौ।हो,यिनिहरुको अतिनै ब्यस्त र गुन्जयमान ससांर हुँदछ।यिनीहरुको घर अध्यारो फोहोर ठाउँहरुमा हुँदछ जहाँ यिनीहरु बस्ने गर्दछन।के तिनीहरुको सन्तान र परिवार हुँदैनन र?पक्कै हुन्छ।तिनीहरुको पनि खाना सकंलन गर्ने काम हुँदछ र ब्यस्त हुन्छन।हुँदैन र?अब कल्पना गर्नुहोस,यो साङ्लेको ससांरलाई एउटा मुक्तिदाता र छुटकारा दिने कोही आबश्यक्ता पर्‍यो।अनि कोही मानिस प्रजातीबाट स्वईच्छाले साङ्ले कुरा बनी धेरै बर्ष यिनीहरुसँगै नै बिताई सबै साङ्ले किराको ससांरको लागी छुटकारा र मुक्तिदाता हुन यिनीहरुसँग नै अति दयनिय अवस्थामा मर्नुपर्ने भयो।के तपाईं तयार हुनुहुन्छ?

बस कल्पना गर्नुहोस कि,यिनिहरुको खानपिन,बसाइको आदी इत्यादी अवस्थाले हामीलाई नकार्न बाध्य तुल्यादछ।बस,यस्को बारेमा सोच्नुहोस मात्र।हो,ठ्याक्कै यस्तै नै आजको मानिस जातीको पापको मार्गको अवस्था स्वर्गीय प्राणीहरु र येशूको सामुन्ने देखिन्छ।हो,ठ्याक्कै साङ्लेकिरा जस्तै।हेर्नुहोस त,कस्तो मुक्तिदाता?





तपाईं आफैलाई कल्पना गर्नुहोस कि तपाईं दिनानुदिन गरिव हुँदै जानुभयो,तपाईंले चाहेको खानेकुरा खान असमर्थ हुँदै जानुभयो,चाहेको कपडा वा जुत्ता लगाउन नसक्ने अवस्थामा पुग्नुभयो,चाहेको ठाउँमा घुम्न सक्नुभएन र तपाईं बिस्तारै मगन्ते जसरी जिउनुपर्ने भयो।हो,यस्तै नै प्रभु येशू ख्रीष्टको निम्ती भयो।तसर्थ नै,परमप्रभु परमेश्वरले सम्पूर्ण मानबजातीको लागी छुटकारा पठाइदिनुभयो।जिबनको लागी जिबन।हामिले सम्पूर्ण जातीको छुटकारा र इश्वरिय लेनदेनको बिषयमा १ कोरिन्थी १५:२१ मा पढ्न सक्छौ।

*" किनकी मनिसद्वारा मृत्यु आएको हुनाले मनिसद्वारा नै मरेकाहरुको बौरीउठाइ पनि आयो।"*

हो,एउटा मानिसबाट सबैमा मृत्यु आयो,त्यसरी नै एउटै मानिसबाट छुटकारा पनि आयो।यि दुई मानिसहरु को हुन त ?२२ पदलाई हेरौ

*"आदममा जम्मै मानिसहरू मरे त्यसरीनै ख्रीष्टमा सबै फेरि जीवित तुल्याइनेछन।"*

यी सबैभन्नाले को-को हुन त?हो,यिनीहरुआदमका सन्तान दर-सन्तानहरु हुन,बिश्वको सबै मानबजाती,आज,यिनीहरु बिभिन्न नाम र पदले चिनिन्छन।



जस्तै हिन्दू,मुसलमान,बुद्धिस्ट,जैन,ख्रीष्टियान,नास्तिक आदी।हो,यथार्थमा यो शुभ-समाचार हो,सबै ब्यक्तिहरुको निमित्त बिशाल र उत्कट आनन्द।हो,यस पदमा आदमका सबै सन्तानहरुलाई चित्रण गरिएको छ।हो,येशूको कलबरी क्रुशको मृत्युबाट जो कोहीलाई आशिष र कृपा चाहिएको छ भने त्यो आदमको सन्तान नै हो।अब हामी फेरी शुरुको पदलाई दिमागमा ल्याऔ।

हो,आज हामीले येशूले कसरी कलबरीमा आफ्नो मृत्युद्वारा ससांरका सबै मानिसहरुलाई आफुतिर खिच्नुहुन्छ वा सबैलाई छुटकारा दिई मृत्युबाट बचाउनुहुन्छ र आफ्नो रगतद्वारा कसरी सबै मानबजातीलाई प्रभुको समयमा मृत्युबाट पुनरुत्थानको लागी मोलतिरी किन्नुभएको छ भन्ने तथ्यलाई हेरौ।हो,सबैजना मृतकबाट बौरी उठाइने छन।यो शुभ-समाचार तपाईंको इष्टमित्र र साथीहरुलाई सुनाउनुहोस।तर,पुनरुत्थान कसरी हुन्छ होला र त्यो अवस्था कस्तो हुन्छ होला?हो,आज हामीले यो पाठमा छुटकाराको मोलको बिषयमा अध्ययन गर्यौं जुन क्रुशको रहस्यको अध्ययनको पहिलो भाग हो।दोश्रो पाठमा हामीले छुटकाराको कामको वृस्तित विवरणको अध्ययन गर्नेछौ।हो,येशूको अमुल्य त्यागको नतिजा स्वरूप त्यस्को प्रतिफलहरु पनि देखिदछ।



आमेन